नेपाल सरकार मन्त्रिपरिषद्‌बाट स्वीकृत मितिः २०५९।११।२६
नेपाल सरकार मन्त्रिपरिषद्‌बाट प्रथम संशोधन स्वीकृत मितिः २०७२।०४।३२

# विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९

**प्रस्तावना** : कुनै विदेशी विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धन लिएर नेपालमा * स्नातक तह वा सो भन्दा माथिल्लो तहको शिक्षण संस्था सञ्चालन गर्ने कार्यलाई व्यवस्थित र नियन्त्रित गराउन वाञ्छनीय भएकोले यो निर्देशिका बनाई जारी गरेको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः–**

(क) यस निर्देशिकाको नाम "विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९" रहेको छ ।

(ख) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो निर्देशिकामा,

(क) "मन्त्रालय" भन्नाले शिक्षा * मन्त्रालय सम्झनुपर्दछ ।

* (ख) "विदेशी शिक्षण संस्था" भन्नाले सम्बन्धित देशको प्रचलित कानून बमोजिम स्वीकृति÷ गुणस्तर सुनिश्चितता (QAA/Accreditation) प्राप्त गरेको विश्वविद्यालय वा शिक्षण संस्था सम्झनु पर्दछ ।

(ग) "समिति" भन्नाले * दफा ६ बमोजिम गठित उच्चस्तरीय मूल्याङ्कन तथा अनुगमन समिति सम्झनु पर्दछ ।

(घ) "शिक्षण संस्था" भन्नाले बिदेशी विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धन लिएर नेपालमा * स्नातक तह वा सो भन्दा माथिल्लो तहको शिक्षा दिइने गरी खोलिएको संस्था वा कम्पनी सम्झनुपर्दछ ।

(ङ) "सचिवालय" भन्नाले मन्त्रालयमा रहेको समितिको सचिवालय सम्झनु पर्दछ ।

* (च) "शैक्षिक कार्यक्रम" भन्नाले स्नातक तह वा सोभन्दा माथिको शैक्षिक कार्यक्रमलाई सम्झनु पर्दछ ।

## *परिच्छेद– २
## अनुमति सम्बन्धी व्यवस्था

३. (१) विदेशी शिक्षण संस्थाबाट सम्बन्धन लिई शैक्षिक कार्यक्रम सञ्चालन गर्न चाहने कुनै पनि शिक्षण संस्थाले मन्त्रालयबाट अनुमति लिएर मात्र कार्यक्रम सञ्चालन गर्न सक्ने छन् ।

(२) विदेशी शिक्षण संस्थाबाट सम्बन्धन लिएर नेपालमा उच्च शिक्षा प्रदान गर्ने गरी शिक्षण संस्था सञ्चालन गर्न चाहने कुनैपनि संस्था वा कम्पनीले सञ्चालन अनुमति प्राप्तिका लागि अनुसूची १ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुमतिका लागि आवेदन गर्दा प्रत्येक कार्यक्रमका लागि पाँच लाख रूपैंया राजश्व दाखिला गरी एक पटकमा बढीमा दुई कार्यक्रमका लागि मात्र आवेदन गर्न सक्नेछन् ।

(४) यस अघि आवेदन गरिसकेका संस्थाहरूको हकमा उपदफा (५) मा उल्लिखित कागजात संलग्न गर्नु पर्नेछ । यसरी कार्यक्रम सञ्चालन अनुमति प्रदान गर्ने निर्णय भएमा त्यस्तो संस्थाले प्रति कार्यक्रम एक लाखका दरले थप राजश्व दाखिला गर्नु पर्नेछ ।

(५) सञ्चालन अनुमति प्राप्तिका लागि निवेदन पेश गर्दा निम्न विवरण तथा कागजातहरू संलग्न गर्नुपर्ने छ :

(क) सम्बन्धित शिक्षण संस्था कम्पनीमा दर्ता गरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, सो कम्पनीको प्रबन्ध पत्र र नियमावलीको प्रमाणित प्रतिलिपि,

---

* पहिलो संशोधनद्वारा संशोधित



ϖ पहिलो संशोधनद्वारा हटाइएको

Π पहिलो संशोधनद्वारा थप

(ख) स्थायी लेखा नम्बर प्रमाणपत्र, करचुक्ता र लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि,

(ग) विदेशी विश्वविद्यालय वा शिक्षण संस्था र नेपालमा शिक्षण संस्था सञ्चालन गर्ने संस्था वा कम्पनी बीच भएको सम्झौता पत्र (Agreeement) वा समझदारी पत्र (Memorendom of Understanding) को प्रमाणित प्रतिलिपि,

(घ) सम्बन्धन दिने विश्वविद्यालय वा शिक्षण संस्था कानून बमोजिम स्थापित भएको सम्बन्धी प्रमाणको प्रतिलिपि,

(ङ) विश्वविद्यालय वा शिक्षण संस्थालाई विदेशमा शैक्षिक संस्थाहरूलाई सम्बन्धन प्रदान गर्न सक्ने अधिकार रहेको व्यहोरा खुलेको प्रमाणको प्रमाणित प्रतिलिपि,

(च) सम्बन्धित देशको गुणस्तर सम्बन्धी मापदण्ड पूरा गरेको व्यहोरा खुलेको सम्बन्धित देशको कूटनैतिक नियोग वा सम्बन्धित मन्त्रालयबाट प्रमाणित गरेको पत्र वा गुणस्तर सुनिश्चितता प्रत्यायन (QAA/Accreditation ) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(छ) सम्बन्धित विदेशी शिक्षण संस्थाको उपाधि वा प्रमाण पत्रलाई नेपालको कुनै विश्वविद्यालय वा कुनै स्वीकृति प्राप्त संस्थाले समकक्षता दिएको भए सोको प्रमाणित प्रतिलिपि,

(ज) शिक्षण संस्था सञ्चालनका लागि आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधारहरूको विवरण,

(झ) कार्यक्रम सञ्चालन गर्न सम्झौता गर्ने विदेशी विश्वविद्यालय वा शिक्षण संस्थाको सञ्चालन गरिने कार्यक्रम, सञ्चालन अवधि, विषयहरू, शिक्षण तह, पाठ्यक्रम, क्रेडिट आवर, पाठ्यभार र परीक्षा प्रणालीका सम्बन्धमा आधिकारिक पत्र,

(ञ) निवेदन दस्तुर वापत प्रति कार्यक्रम पाँच लाख रूपैंया राजश्व दाखिला गरेको सक्कलै भौचर,

(ट) सञ्चालन अनुमतिका लागि आवेदन गर्ने संस्थाले उपरोक्त विवरण तथा कागजात सहित शैक्षिक, आर्थिक, भौतिक, भौगोलिक, जनघनत्व, जनशक्ति र सम्भाव्यता समेतको विस्तृत प्रस्ताव,

(ठ) सम्बन्धन प्रदान गर्ने विश्वविद्यालय वा शिक्षण संस्था विदेशमा कानूनतः सम्बन्धन विस्तार गर्न सक्ने (Terriotorial Jurisdicton Abord) अधिकार प्राप्त गरेको सम्बन्धी प्रमाण,

(ड) University Ranking सम्बन्धमा Tim'es Higher Education (www.timeshighereducation.co.uk) र Shanghai Jiaotong Ranking (www.shanghairanking.com) को वरियतामा रहेका उत्कृष्ठ १००० (एकहजार) भित्र सम्बन्धन प्रदायक विश्वविद्यालय रहेको सम्बन्धी विवरण,

(६) सम्बन्धन प्रदान गर्ने विश्वविद्यालय वा शिक्षण संस्थाको एउटा कार्यक्रम सञ्चालनका लागि जिल्लागत रुपमा दुई भन्दा बढी शिक्षण संस्थालाई सञ्चालन अनुमति प्रदान गरिने छैन ।

(७) सञ्चालन अनुमतिका लागि जिल्लागत रुपमा दुई भन्दा बढी शिक्षण संस्थाको आवेदन दर्ता गरिने छैन । तर यो दफा लागू हुनुअघि अनुमतिको लागि आवेदन दिएका दुई भन्दा बढी शिक्षण संस्था एकै जिल्लामा भएको अवस्थामा त्यस्ता शिक्षण संस्थाहरूलाई जिल्लागत रुपमा बढीमा दुई शिक्षण संस्था सञ्चालन गर्न पाउने गरी सञ्चालन अनुमति दिइने छ ।

तर यस अघि नै सञ्चालन अनुमति प्राप्तिका लागि निवेदन पेश गरेका शिक्षण संस्थाका हकमा निवेदन दर्ताको प्राथमिकताक्रमका आधारमा कारवाही गरिने छ साथै एउटा जिल्लामा दुई भन्दा वढी शिक्षण संस्थालाई अनुमति दिने विषयमा समितिले त्यस्तो शैक्षिक कार्यक्रमलाई व्यवस्थित गर्न शैक्षिक नक्साङ्कनका आधारमा आवश्यकतानुसार अनुमति प्रदान गर्ने व्यवस्था गर्न सक्नेछ ।

(८) माथी जुनसुकै कुरा लेखिएको भए तापनि यस अगावै आवेदन गरी सञ्चालन अनुमति प्राप्त गरेका संस्थालाई पूनः सोही निवेदनका आधारमा थप विषयको सञ्चालन अनुमति प्रदान गरिने छैन ।

(९) सञ्चालन अनुमति प्रदान गर्ने सम्बन्धी प्रक्रिया देहाय अनुसार हुनेछः

---

* पहिलो संशोधनद्वारा संशोधित



ꙍ पहिलो संशोधनद्वारा हटाइएको

Π पहिलो संशोधनद्वारा थप

(क) समितिको सिफारिसमा मन्त्रालयले वर्षको एक पटक नयाँ आवेदनका लागि सार्वजनिक सूचना प्रकाशन गर्न सक्नेछ ।

(ख) नयाँ आवेदनका लागि सूचना प्रकाशित भएपछि दफा ३ को उपदफा (५) बमोजिम आवेदन गर्नु पर्नेछ ।

(ग) समितिले मन्त्रालयमा प्राप्त हुन आएका आवेदन उपर यस निर्देशिकाले तोकेका मापदण्ड तथा सर्तहरूका आधारमा क्रमैसंग प्रारम्भिक छानबिन गर्नेछ । समितिले प्रारम्भिक छानबिनका लागि समितिका सदस्य मध्येबाट एक जना संयोजक र कम्तिमा ३ जना विषय विज्ञ समेत बढीमा ५ जना सदस्य रहेको प्रारम्भिक छानबिन उप-समिति गठन गर्नेछ ।

(घ) प्रारम्भिक छानविन उप-समितिले आफ्नो छानविनको राय सिफारिस सहितको प्रतिवेदन समितिमा पेश गर्नुपर्ने पर्नेछ ।

(ङ) प्रारम्भिक छानबिन उपसमितिबाट प्राप्त प्रतिवेदनका आधारमा समितिले सो संस्थाको स्थलगत निरीक्षणका लागि समितिका पदाधिकारी समेत रहेको स्थलगत निरीक्षण टोलीलाई अनुगमनका लागि खटाउने छ । यसरी स्थलगत निरीक्षण अनुगमनमा खटिई जाने समितिका पदाधिकारी एवम् कर्मचारीहरूलाई अर्थ मन्त्रालयबाट स्वीकृत नर्म्स बमोजिम अनुगमन, दैनिक तथा भ्रमण भत्ता प्रदान गरिने छ ।

(च) स्थलगत निरीक्षण टोलीको सिफारिसका आधारमा उक्त शिक्षण संस्थालाई सञ्चालन अनुमति दिन उपयुक्त देखिएमा समितिले मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ ।

(छ) समितिको सिफारिसको आधारमा मन्त्रालयले सम्बन्धित संस्थालाई अनुसूची-२ बमोजिमको कबुलियतनामा गराई अनुसूची-३ बमोजिमका सर्तहरू तोकि अनुसूची-४ बमोजिम कार्यक्रम सञ्चालन गर्ने अनुमति दिन सक्नेछ ।

४. **सम्झौता पत्र (Agreeement) वा समझदारीपत्र (Memorendom of Understanding) मा देहायका विषयहरू खुलेको हुनु पर्ने छः**

(क) सम्बन्धित शिक्षण संस्थाहरूले नेपाल सरकारको नीति तथा कानुनबाट निर्देशित हुने गरी व्यक्त गरेको लिखित प्रतिवद्धता,

(ख) शिक्षक तालिम वा सीप हस्तान्तरण तथा पुर्नताजगी तालिम प्रदान गर्ने विषय,

(ग) शिक्षण संस्था बन्द भएमा अध्ययनरत विद्यार्थीको अध्ययन सम्बन्धन प्रदान गर्ने विश्वविद्यालयले पूरा गर्नु पर्ने विषय,

(घ) सम्बन्धन प्रदान गर्ने संस्थाबाट भएको नियमित अनुगमनको प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्ने विषय,

(ङ) सम्बन्धन प्रदान गरेको कार्यक्रमको नाम, अवधि, पाठ्यक्रम, क्रेडिट, पाठ्यभार, मुल्याङ्कन तथा परीक्षा प्रणाली सम्वन्धि विषय,

(च) क्रेडिट ट्रान्सफरको विषय,

(छ) गुणस्तर प्रत्यायन सम्वन्धि विषय र सोको प्रमाण,

(ज) आफ्नो देश भन्दा वाहिर सम्बन्धन प्रदान गर्ने सम्वन्धी विषय र

(झ) विश्वविद्यालय स्थापना भएको देशको कानून अनुसार विश्वविद्यालय स्थापना भएको विषय ।

५. माथी जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३ को उपदफा (५) को खण्ड (ड) मा उल्लिखित संस्थाहरूको १००० भित्रको बरियतामा नपरेको तर गुणस्तरीय विश्वविद्यालय भएता पनि उक्त वरियता भित्र जान नचाहेको वा नगएको वा नरहेको विश्वविद्यालय भए सोको प्रमाण पेश गर्नु पर्नेछ तर त्यस्तो प्रमाण पेश हुन नसकेमा मन्त्रालयले सम्बन्धन दिने विश्वविद्यालयको उत्कृष्टता सम्वन्धमा नेपाल सरकार, परराष्ट्र मन्त्रालय मार्फत नेपाली राजदुतावास वा सम्बन्धित देशको शिक्षा मन्त्रालय वा अन्य निकाय वा विश्वविद्यालय अनुदान आयोग वा

---

* पहिलो संशोधनद्वारा संशोधित



ϖ पहिलो संशोधनद्वारा हटाइएको

Π पहिलो संशोधनद्वारा थप

मन्त्रालयले उचित ठानेको निकायको सिफारिसका आधारमा गुणस्तरीय देखिएमा त्यस्तो विश्वविद्यालयको सम्बन्धनमा शैक्षिक कार्यक्रम सञ्चालन गर्ने अनुमति दिन वाधा परेको मानिने छैन ।

## परिच्छेद– ३

## मूल्याङ्कन तथा अनुगमन समिति

**६.** * (१) विदेशी शिक्षण संस्थाको सम्बन्धनमा नेपालमा शिक्षण संस्था सञ्चालन अनुमति प्राप्तिका लागि दर्ता भएको निवेदन उपर छानविन गर्न र आवश्यक निर्णय सहितको सिफारिश गर्न मन्त्रालयमा देहाय अनुसारको एक उच्चस्तरीय मूल्याङ्कन तथा अनुगमन समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | शिक्षा मन्त्री वा राज्यमन्त्री | अध्यक्ष |
| (ख) | सदस्य, रा.यो.आयोग (शिक्षा हेर्ने) | सदस्य |
| (ग) | सचिव, शिक्षा मन्त्रालय | सदस्य |
| (घ) | सदस्य सचिव, विश्वविद्यालय अनुदान आयोग | सदस्य |
| (ङ) | सदस्य सचिव, प्रा.शि.तथा व्या.ता.परिषद् | सदस्य |
| (च) | विभिन्न विश्वविद्यालयका शिक्षाध्यक्ष वा रजिष्ट्रारहरू मध्ये समितिका अध्यक्षबाट मनोनित दुई जना | सदस्य |
| (छ) | शिक्षा क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिहरू मध्येबाट समितिका अध्यक्षद्वारा मनोनित दुई जना | सदस्य |
| (ज) | विदेशी विश्वविद्यालयको सम्बन्धनमा शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेका शिक्षण संस्थाका सञ्चालकहरू मध्येबाट मन्त्रालयले मनोनयन गरेको एक जना | सदस्य |
| (झ) | सह-सचिव, शैक्षिक व्यवस्थापन महाशाखा, शिक्षा मन्त्रालय | सदस्य-सचिव |

(२) समितिका मनोनित सदस्यहरुको पदावधि ३ (तीन) वर्षको हुनेछ ।

(३) समितिको अध्यक्ष तथा सदस्यहरु र उपसमितिका संयोजक एवं सदस्यहरुले पाउने सुविधा समितिले समय समयमा निर्धारण गरे वमोजिम हुनेछ ।

(४) समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्र तथा संस्थाका विशेषज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ । यसरी आमन्त्रित सदस्यहरुलाई अन्य सदस्यले पाए सरहको सुविधा प्रदान गरिनेछ ।

(५) समितिको सचिवालय मन्त्रालयमा रहनेछ ।

(६) समितिको काम, कर्तव्य र अधिकार देहाय–बमोजिम हुनेछः–

(क) बिदेशी शिक्षण संस्थाहरुको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने संस्थाहरुको अनुमति वा स्वीकृति दिन र खारेजी सम्बन्धी सिफारिश गर्ने ।

(ख) अनुमति प्राप्त गरी सञ्चालन भएका यस्ता संस्थाहरुको सुपरिवेक्षण, मूल्याङ्कन र अनुगमन गर्ने गराउने ।

(ग) यस्ता शिक्षण संस्थाहरुको भौतिक पूर्वाधार शिक्षक एवं कर्मचारीहरुको न्यूनतम सेवा शर्त र सुविधा तथा अन्य आवश्यक विषयमा नीति निर्धारण गर्ने ।

π(घ) सञ्चालन अनुमति प्राप्त संस्थाको नविकरणका लागि मन्त्रालय समक्ष सिफारिस गर्ने ।

π(ङ) कार्य सम्पादन गर्ने सन्दर्भमा समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्ने ।

π(च) अनुसूची हेरफेर तथा संशोधनका लागि मन्त्रालय समक्ष सिफारिस गर्ने ।

ϖ७.................

ϖ८...............

---

* पहिलो संशोधनद्वारा संशोधित



ϖ पहिलो संशोधनद्वारा हटाइएको

π पहिलो संशोधनद्वारा थप

ϖ९..........

## परिच्छेद –४

## निरीक्षण तथा अनुगमन

७. (१) संचालित शिक्षण संस्थाको शैक्षिक स्तर मूल्याङ्कन गर्न समितिले समय समयमा विशेष उप-समिति गठन गर्न सक्नेछ ।

(२) शिक्षण संस्थाहरुको शैक्षिक स्तर र अन्य कार्यक्रमको निरीक्षण तथा अनुगमन गर्न गठित विशेष उप समितिले वर्षमा कम्तिमा एक पटक सम्वन्धित शिक्षण संस्थाको निरीक्षण गरी समिति समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ ।

Π(३) मन्त्रालयले दफा ८ को उपदफा (१) बमोजिमको सूचीमा रहेका विज्ञ समेत संलग्न रहेको टोलीले सञ्चालनमा रहेको शिक्षण संस्थाको जुनसुकै बखत अनुगमन गर्न गराउन सक्नेछ ।

Π(४) मन्त्रालयले खटाएको अनुगमन टोलीले आवश्यक देखेको जुनसुकै अभिलेख उपलब्ध गराउनु शिक्षण संस्थाको कर्तव्य हुनेछ । त्यस्तो अभिलेख उपलब्ध नगराएमा मन्त्रालयबाट प्रदान गरिएको सञ्चालन अनुमति खारेज गर्न सकिने छ ।

Π(५) अनुगमन टोलीको समन्वयका लागि आवश्यकता अनुसारका कर्मचारीलाई मन्त्रालयले खटाउने छ ।

Π(६) अनुगमनका लागि स्थलगत रुपमा खटिइ जाने विज्ञ तथा कर्मचारीलाई अर्थ मन्त्रालयको नर्म्स अनुसार अनुगमन एवम् भ्रमण भत्ता प्रदान गरिने छ ।

Π(७) अनुगमनमा जाने टोलीले सम्बन्धित शिक्षण संस्थाको स्थलगत अनुगमन गरी अनुसूची- ७ बमोजिमको प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ ।

Π(८) अनुगमन टोलीबाट प्राप्त प्रतिवेदनमा शिक्षण संस्थाले पूरा गर्नुपर्ने गरी उल्लेख भएका विषयबस्तुहरू भए समिति समक्ष पेश गरी प्राप्त सिफारिस अनुसार मन्त्रालयले त्यस्ता शिक्षण संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ ।

Π(९) माथी जुनसुकै कुरा लेखिएको भए तापनि आफ्ना विशेषज्ञ कर्मचारीलाई जुनसुकै बखत मन्त्रालयले अनुगमनका लागि खटाउन सक्नेछ ।"

## * परिच्छेद– ५

## नविकरण सम्बन्धी व्यवस्था

८. (१) अनुमति प्राप्त गरी सञ्चालनमा रहेको शिक्षण संस्थाको सञ्चालन अनुमति नविकरणका लागि स्थलगत अनुगमन निरीक्षण गर्न मन्त्रालयले विश्वविद्यालयका प्राध्यापक र सहप्राध्यापकहरू रहेको विज्ञहरूको सूची ( Roaster) तयार गर्नेछ । विश्वविद्यालयबाट सिफारिस भई अएका आधारमा रोष्टरमा रहने विज्ञहरूको छनौट गरिने छ ।

(२) शिक्षण संस्थाहरूको सञ्चालन अनुमति नविकरण प्रयोजनका निमित्त गरिने अनुगमन निरीक्षणका लागि सूची रहेका विज्ञ समेत संलग्न हुने गरी अनुगमन टोली गठन गरिने छ । अनुगमन तथा निरीक्षण टोलीको समन्वयका लागि आवश्यकता अनुसारका कर्मचारीलाई मन्त्रालयले खटाउने सक्ने छ ।

(३) स्थलगत रुपमा खटिइ जाने विज्ञ तथा कर्मचारीलाई अर्थ मन्त्रालयको नर्म्स अनुसार अनुगमन एवम् भ्रमण भत्ता दिइनेछ ।

(४) अनुगमन निरीक्षण टोलीले शिक्षण संस्थाको अनुगमन गरी अनुसूची-७ बमोजिमको प्रतिवेदन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(५) निरीक्षण तथा अनुगमन टोलीले पेश गरेको प्रतिवेदन र प्रति विद्यार्थी रु. १५००।- का दरले राजश्व रकम दाखिला गरेका आधारमा समितिले सञ्चालन अनुमति नविकरण गर्न मन्त्रालय समक्ष सिफारिस गर्न सक्नेछ । यसरी समितिबाट प्राप्त सिफारिसका आधारमा मन्त्रालयले सम्बन्धित शिक्षण संस्थाहरूको स्वीकृत कार्यक्रमको पूर्ण अध्ययन अवधिसम्मका लागि सञ्चालन अनुमति नविकरण गर्न सक्नेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित



ϖ पहिलो संशोधनद्वारा हटाइएको

Π पहिलो संशोधनद्वारा थप

(६) अनुमति प्राप्त गरी सञ्चालनमा रहेको शिक्षण संस्थाले प्रत्येक वर्ष माघ मसान्तभित्र नियमानुसारको राजश्व दाखिला गर्नु पर्नेछ, साथै सञ्चालन अनुमति प्राप्त संस्थाले नविकरण प्रयोजनका लागि अनुसूची-६ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(७) सञ्चालन अनुमति नविकरणका लागि सम्बन्धित शिक्षण संस्थाले निम्न बमोजिमका कागजातहरू निवेदन साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ:

(क) नविकरणका लागि निवेदन दिंदाका बखतको विद्यार्थी संख्याका आधारमा राजश्व रकम दाखिला गरेको सक्कल भौचर,

(ख) गत आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि,

(ग) गत आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,

(घ) हाल अध्ययनरत विद्यार्थीहरूको कार्यक्रमगत विवरण,

(ङ) कार्यरत शिक्षकको योग्यता खुलेको विवरण,

(च) छात्रवृत्ति वितरणको अध्यावधिक विवरण ।

(८) निरीक्षण तथा अनुगमन टोलीले पेश गरेको प्रतिवेदनमा उल्लेख गरेका सुधार गर्नुपर्ने पक्षहरू समितिबाट निर्धारण गरेको अवधिभित्र सम्बन्धित शिक्षण संस्थाले पूरा गर्ने गरी लिखित प्रतिवद्धता पेश गरेको आधारमा मात्र सञ्चालन अनुमति नविकरण गर्न सकिने छ । उल्लिखित अवधिभित्र शिक्षण संस्थाले गरेको प्रतिबद्धता बमोजिमका सुधारहरू गरेको नपाइएमा समितिले सो शिक्षण संस्थालाई आगामी वर्षका लागि भर्ना स्थगन गर्न वा सञ्चालन अनुमति रद्द गर्न मन्त्रालय समक्ष सिफारिस गर्न सक्नेछ ।

(९) यस निर्देशिकामा उल्लेखित शर्त पूरा नगरेमा समितिको सिफारिसमा मन्त्रालयले जुनसुकै बखत सञ्चालन अनुमति रद्द गर्न सक्नेछ । त्यसरी सञ्चालन अनुमति रद्द गर्नु अघि सम्बन्धित शिक्षण संस्थालाई सफाई पेश गर्ने मनासिव मौका दिइनेछ ।"

## परिच्छेद– ६

## अनुमति खारेज हुने अवस्था

**९. समितिको सिफारिशमा मन्त्रालयले देहायको अवस्थामा कुनै पनि स्वीकृति प्राप्त शिक्षण संस्थाको अनुमति खारेज गर्न सक्नेछ :–**

(१) शिक्षण संस्था सञ्चालन अनुमति पत्र लिंदा खुलाएको अनुसूची–२ मा उल्लेखित पूर्वाधारहरु पुरा नगरेमा वा अनुसूची –३ मा उल्लेखित शर्त पुरा गरेको नपाइएमा, वा

*(२) सम्बधन प्रदान गर्ने विश्वविद्यालय वा शिक्षण संस्थासंगको सम्झौता खारेज, रद्द वा समाप्त गरेको व्यहोरा खुलाई आएमा,

π(३) दफा ८ को उपदफा (८) बमोजिम समितिको सिफारिसमा मन्त्रालयले तोकिदिएको अवधिमा सम्बन्धित शिक्षण संस्थाले गरेको लिखित प्रतिवद्धता बमोजिम सुधार गरेको नपाइएमा समितिले सो संस्थाको अनुमति रद्द गर्न मन्त्रालय समक्ष सिफारिस गरेमा,

π(४) सम्बन्धन दिने संस्थाले तोकेको क्रेडिट पूरा नगरेमा,

π(५) तोकिएका कागजात सहित सञ्चालन अनुमति नविकरणका लागि निवेदन पेश नगरेमा,

π(६) मन्त्रालयको स्वीकृति नलिई संस्थाको नाम वा कार्यक्रमको नाम र सञ्चालन स्थान परिवर्तन गरेमा,

**π ९क. विश्वविद्यालय/शिक्षण संस्थाको सम्बन्धन, संस्थाको नाम, कार्यक्रमको नाम तथा कार्यक्रम सञ्चालन स्थान परिवर्तन सम्बन्धी व्यवस्था:**

विश्वविद्यालय/शिक्षण संस्थाको सम्बन्धन, संस्थाको नाम, कार्यक्रमको नाम तथा कार्यक्रम सञ्चालन स्थान परिवर्तन प्रक्रिया देहाय बमोजिम हुनेछ :

---

* पहिलो संशोधनद्वारा संशोधित



ϖ पहिलो संशोधनद्वारा हटाइएको

π पहिलो संशोधनद्वारा थप

(क) अनुमति प्राप्त गरी सञ्चालनमा रहेको शिक्षण संस्थाले QAA/Accreditation भएको विश्वविद्यालय/शिक्षण संस्थाको सम्बन्धन लिई सम्बन्धन परिवर्तनको स्वीकृतिका लागि मन्त्रालय समक्ष निवेदन दिएमा अध्ययनरत विद्यार्थीहरूको अध्ययन निरन्तरता हुने लिखित सर्तमा मन्त्रालयले सम्बन्धन परिवर्तनको स्वीकृति दिन सक्नेछ । तर यस्तो सम्बन्धन परिवर्तनका कारणले पूर्व सम्बन्धन प्रदान गर्ने विश्वविद्यालय अन्तर्गत अध्ययनरत विद्यार्थीहरूको अध्ययन निरन्तर हुने कुराको सुनिश्चितता सम्बन्धित शिक्षण संस्थाले नै गर्नुपर्ने छ ।

(ख) यो दफा प्रारम्भ हुनुअघि अनुमति प्राप्त गरी सञ्चालनमा रहेको शिक्षण संस्थाको सम्बन्धन प्रदायक विश्वविद्यालय गुणस्तर सुनिश्चितता QAA/Accreditation प्राप्त नभएको रहेछ भने यो दफा प्रारम्भ भएको मितिले पाँच वर्ष भित्र गुणस्तर सुनिश्चितता QAA/Accreditation लिएको लिखित प्रमाण संलग्न राखी मन्त्रालय समक्ष पेश गर्नुपर्ने छ ।

तर त्यस्तो सम्बन्धन प्रदायक विश्वविद्यालयले गुणस्तर सुनिश्चितता QAA/Accreditation प्राप्त नगरेको अवस्थामा सञ्चालनमा रहेको शिक्षण संस्थाले गुणस्तर सुनिश्चितता QAA/Accreditation प्राप्त गरेको अन्य विश्वविद्यालयसँग पाँच वर्ष भित्र सम्बन्धन लिइसक्नु पर्नेछ । यसरी सम्बन्धन नलिने शिक्षण संस्थाहरूको सञ्चालन अनुमति रद्द गरिनेछ ।

(ग) अनुमति प्राप्त गरी सञ्चालनमा रहेको शैक्षिक कार्यक्रमको नाम, कार्यक्रमको अवधि, उपाधिको नाम परिवर्तन भएको व्यहोरा खुलाई सम्बन्धन प्रदान गर्ने विश्वविद्यालय/शिक्षण संस्थाबाट लेखि आएमा मन्त्रालयले निर्णय गरी त्यस्तो स्वीकृति वा अनुमति प्रदान गर्न सक्नेछ ।

(घ) अनुमति प्राप्त भई सञ्चालन भएको कुनै पनि शिक्षण संस्थालाई सामान्यतया अर्को स्थानमा स्थानान्तरण पाइने छैन । तर स्थानान्तरण गर्नु पर्ने कुनै विशेष कारण भए सो कारण खोली मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ र मन्त्रालयबाट स्थानान्तरणको स्वीकृति प्राप्त भएपछि मात्र कार्यक्रम सञ्चालन स्थान परिवर्तन गर्न सकिने छ ।

(ङ) अनुमति प्राप्त गरी सञ्चालनमा रहेको शिक्षण संस्थाको नाम परिवर्तन गर्नु परेमा शिक्षा मन्त्रालयको पूर्व स्वीकृति लिई नाम परिवर्तन गर्नु पर्नेछ । मन्त्रालयको स्वीकृति बेगर नाम परिवर्तन गरेमा सञ्चालन अनुमति रद्द गरिनेछ ।

(च) संस्थाको नाम, कार्यक्रमको नाम तथा सञ्चालन स्थान परिवर्तन गर्नु अघि त्यस्तो व्यहोरा खुलाई सम्बन्धित संस्थाले कम्तिमा ३ पटक राष्ट्रिय दैनिकमा सो सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गर्नु पर्नेछ ।

(छ) यसरी सार्वजनिक सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कोही कसैको दावि विरोध सम्बन्धी उजुरी परेमा सोको टुंगो लागेपछि र दावि विरोध सम्बन्धी उजुरी नपरेमा मात्र माग अनुसारको परिवर्तनका लागि स्वीकृति दिन सकिनेछ ।

(ज) यस दफा बमोजिम सम्बन्धन परिवर्तन, सञ्चालन स्थान परिवर्तन र संस्थाको नाम परिवर्तन गर्ने स्वीकृति प्रदान भएमा सम्बन्धन परिवर्तन गर्न प्रति कार्यक्रम एक लाख रुपैंया, सञ्चालन स्थान परिवर्तनका लागि पाँच लाख रुपैंया र संस्थाको नाम परिवर्तन गर्नका लागि पाँच लाख रुपैंया थप राजश्व बुझाउनु पर्नेछ ।"

π **९ख.** **<u>कार्यक्रम थप सम्बन्धी व्यवस्थाः</u>** सञ्चालनमा रहेका शिक्षण संस्थाहरूमा थप कार्यक्रम सञ्चालन गर्नु परेमा सञ्चालन अनुमतिका लागि देहायको प्रकृया पूरा गर्नु पर्नेछः

(क) QAA/Accreditation प्राप्त विश्वविद्यालयको सम्बन्धनमा मन्त्रालयको अनुमति प्राप्त गरी सञ्चालनमा रहेका शिक्षण संस्थाहरूले विषय र तह थप गर्न चाहेमा दफा ३ को उपदफा (५) को खण्ड (ञ) बमोजिम राजश्व दाखिला गरी एक पटकमा बढीमा दुई वटा कार्यक्रमका लागि मन्त्रालय समक्ष निवेदन दिनुपर्नेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित



ϖ पहिलो संशोधनद्वारा हटाइएको

π पहिलो संशोधनद्वारा थप

(ख) दफा (क) बमोजिम दर्ता भएका निवेदन उपर कारवाहीका लागि स्थलगत निरीक्षण गरी गराई सोको प्रतिवेदनका आधारमा समितिको सिफारिसमा एक पटकमा बढीमा दुई वटा कार्यक्रमका लागि मन्त्रालयले अनुमति प्रदान गर्न सक्नेछ ।

(ग) यस निर्देशिका विपरित मन्त्रालयको स्वीकृति नलिई विषय वा तह थप गरी शिक्षण संस्था सञ्चालन गरेको पाइएमा जुनसुकै बखत मन्त्रालयले त्यस्ता संस्थाको सञ्चालन अनुमति रद्द गर्न सक्नेछ ।"

π **९ग.** **भौतिक पूर्वाधार सम्बन्धी व्यवस्थाः** (१) सञ्चालन अनुमति प्राप्त गर्नका लागि शिक्षण संस्थाले देहाय बमोजिमका भौतिक पूर्वाधारहरू पूरा गरेको हुनुपर्ने छ :

(क) शिक्षण संस्था स्थापना एवम् सञ्चालनका लागि अनुसूचि-५ मा उल्लिखित जनरल नर्म्स बमोजिमका पूर्वाधारहरू पूरा गरेको हुनु पर्नेछ ।

(ख) नयाँ आवेदन दिने संस्थाले काठमाडौं उपत्यकामा भए कम्तिमा १ रोपनी, पहाडमा भए ३ रोपनी र तराईमा भए ३ कठ्ठा जमिन संस्थाकै नाममा प्राप्त गरेको हुनु पर्नेछ । सो देखि वाहेक मापदण्ड अनुरुपको थप जग्गा कम्तिमा १० वर्षको लागि लिजमा लिई सञ्चालन गर्न पाइने छ ।

(ग) यस अघि सञ्चालन अनुमति प्राप्त शिक्षण संस्था र सञ्चालन अनुमतिका लागि आवेदन गरेका संस्थाहरूको हकमा समेत सञ्चालन अनुमति पाएको १० वर्ष भित्र मापदण्ड बमोजिमको जमिन संस्थाकै नाममा प्राप्त गरेको हुन पर्नेछ । साथै त्यस्ता शिक्षण संस्थाले बढीमा १५ वर्ष भित्र आफ्नै स्वामित्वमा रहेको जमिनमा भवन निर्माण गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(घ) यसरी उच्च शिक्षा सञ्चालन गर्ने शिक्षण संस्थाको शैक्षिक भवन, कक्षा कोठा नेपाल सरकारबाट स्वीकृत भवन संहिता अनुरुप भएको हुनु पर्नेछ ।

(ङ) दफा ९ग को उपदफा (१) को खण्ड (ख) र खण्ड (ग) बमोजिमको जग्गा मन्त्रालयको स्वीकृति विना विक्री गर्न, ऋण लिन र धरौटी राख्न नपाउने गरी मालपोत कार्यालयबाट रोक्का राखिने छ । कुनै कारणवस शिक्षण संस्थाले विद्यार्थीको अध्ययन पूरा नगरेमा धरौटीको अतिरिक्त यसरी रोक्का राखेको जग्गा मन्त्रालयले लिलाम वढावढ गरी प्राप्त रकमबाट अध्ययनरत विद्यार्थीको अध्ययन पूरा गराउन सक्नेछ ।

(च) यस दफामा लेखिएको भौतिक पूर्वाधारको व्यवस्थामा कार्यक्रम थप गर्ने संस्थाले सोही अनुपातमा जग्गा लगायतका भौतिक पूर्वाधारहरूको व्यवस्था गर्नु पर्ने छ ।

π **९घ.** **छात्रवृत्ति सम्बन्धी व्यवस्थाः** सञ्चालन अनुमति प्राप्त शिक्षण संस्थाले छात्रवृत्तिमा अध्ययनको लागि देहायको व्यवस्था गर्नु पर्नेछ :-

(क) सञ्चालन अनुमति प्राप्त शिक्षण संस्थाले स्वदेशी लगानीकर्ता भए कूल क्षमताको कार्यक्रमगत आधारमा प्रत्येक कार्यक्रममा १० प्रतिशत र विदेशी लगानीकर्ता भए प्रत्येक कार्यक्रममा २० प्रतिशत सिट छात्रवृत्ति नेपाल सरकारलाई उपलब्ध गराउनु पर्नेछ ।

(ख) यसरी प्राप्त हुने छात्रवृत्ति कोटामा सम्बन्धित शिक्षण संस्थाले लिने भर्ना परीक्षा उत्तीर्ण गरेका आधारमा जेहेन्दार, विपन्न, महिला, जनजाति, मधेशी, दलित, अपांग, पिछडिएको क्षेत्रका व्यक्तिहरू समेत समिटिने गरी छात्रवृत्तिको व्यवस्था गर्नु पर्नेछ ।

(ग) यसरी प्रदान गरिएको छात्रवृत्ति वितरणको अध्यावधिक विवरण सञ्चालन अनुमति नविकरणको निवेदनसाथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(घ) शिक्षण संस्थाले छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीहरूबाट मन्त्रालयले तोकिदिएको शीर्षकमा मात्र शुल्क लिन सक्नेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित



ϖ पहिलो संशोधनद्वारा हटाइएको

π पहिलो संशोधनद्वारा थप

(ङ) यस दफा बमोजिम छात्रवृति प्रदान गरिएको विवरण विश्वविद्यालय अनुदान आयोगलाई समेत उपलब्ध गराउनु पर्नेछ । ”

Π ९ङ **धरौटी तथा दायित्व सम्बन्धी व्यवस्था :** सञ्चालन अनुमति प्राप्तिका लागि निवेदन पेश गर्ने संस्थाले दाखिला गर्नुपर्ने धरौटी रकम सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(१) सञ्चालन अनुमति प्राप्तिका लागि शिक्षण संस्थाले स्वीकृत प्राप्त क वर्गको वाणिज्य बैंकको मुद्धती खातामा संस्थाकै नाममा मन्त्रालयको स्वीकृति विना झिक्न, ऋण लिन र धरौटी राख्न नपाउने गरी विषयगत रुपमा देहाय अनुसारको रकम धरौटी वापत दाखिला गर्नुपर्ने छ ।

अप्राविधिक विषय:

(१) छ महिनासम्मको व्यावसायिक विषयको लागि रु १,००,००० (एकलाख),

(२) एक वर्ष अवधिको व्यावसायिक विषयका लागि रु.२,००,०००।-(दुईलाख),

(३) एक वर्षसम्मको साधारण विषय (एकेडेमिक कोर्ष) को लागि रु.५,००,०००।-(पाँच लाख),

(४) दुई वर्षसम्मको साधारण विषय (एकेडेमिक कोर्ष) को लागि रु.१०,००,०००।-(दश लाख),

(५) तीन वर्षसम्मको साधारण विषय (एकेडेमिक कोर्ष) को लागि रु.१५,००,०००।-(पन्ध्र लाख)

(६) चार वर्षसम्मको साधारण विषय (एकेडेमिक कोर्ष) को लागि रु.२०,००,०००।-(बीस लाख)

प्राविधिक विषय

(१) एक वर्ष अवधिको प्राविधिक विषयका लागि रु १०,००,०००।-(दश लाख),

(२) दुई वर्ष अवधिको प्राविधिक विषयका लागि रु १५,००,०००।-(पन्ध्र लाख),

(३) तीन वर्ष अवधिको प्राविधिक विषयका लागि रु २०,००,०००।-(बीस लाख),

(४) चार वर्ष अवधिको प्राविधिक विषयका लागि रु २५,००,०००।-(पच्चिस लाख),

(२) शिक्षण संस्थाले उपदफा (६) बमोजिमको अवस्थामा बाहेक सम्बन्धित विषयको कार्यक्रम सञ्चालन बन्द गरेमा वा शिक्षण संस्था बन्द गरेको अवस्थामा अध्ययनरत विद्यार्थीहरूको अध्ययन समाप्त भएपछि मात्र त्यसरी राखिएको धरौटी रकम मन्त्रालयले फुकुवा गर्न सक्ने छ ।

(३) कुनै पनि शिक्षण संस्था आफ्नै कारणले बन्द गर्नु पर्ने अवस्था आइ परेमा त्यस्तो शिक्षण संस्था बन्द गर्नु पर्ने कारण खुलाई लिखित निवेदन मन्त्रालय समक्ष पेश गर्नुपर्ने छ ।

तर शिक्षण संस्था बन्द भएको कारणले कसैलाई तिर्न वा बुझाउन बाँकी रहेका कुनै रकम वा ऋण वा अन्य कुनै दायित्व सम्बन्धित संस्थाको नै हुनेछ ।

(४) शैक्षिक सत्र शुरु भई पठन पाठन शुरु भइसकेको भए त्यस्तो अवस्थामा सो कार्यक्रम पूरा नगरिकन शिक्षण संस्था बन्द गर्न पाइने छैन । कुनै कारणवश शिक्षण संस्था बन्द वा शैक्षिक कार्यकम वा शैक्षिक सत्र रद्द गर्नु पर्ने स्थिति आएमा शिक्षण संस्थाको आफनै खर्चमा विद्यार्थीको बाँकी पठन पाठनको व्यवस्था गरिदिनु पर्ने दायित्व सम्बन्धित शिक्षण संस्थाको हुनेछ ।

(५) उपदफा (४) बमोजिम अर्कै संस्थामा अध्ययन गराउनु पर्ने भई अध्ययन खर्चका लागि संस्थाको नाममा रहेको चल अचल सम्पत्तिबाट नपुग्ने भए संस्था सञ्चालकहरूको नाममा रहेको चल अचल सम्पत्ति वा जायजेथाबाट समेत त्यस्ता विद्यार्थीको अध्ययनको व्यवस्था मिलाउनु पर्नेछ ।

(६) विश्वविद्यालयले सम्बन्धन खारेज गरेमा वा मन्त्रालयले सञ्चालन अनुमति रद्द गरेमा वा दफा ९ख.को खण्ड (ग) बमोजिम स्वीकृति वेगर विषय वा तह थप गरेमा वा शिक्षण संस्था सञ्चालकहरूले कार्यक्रम सञ्चालन नगरी बिना सूचना ३०(तीस) दिनभन्दा बढी समय शिक्षण संस्था बन्द गरेमा सम्बन्धित शिक्षण संस्थाको नाममा रहेको धरौटी समेत जफत हुनेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित



ϖ पहिलो संशोधनद्वारा हटाइएको

Π पहिलो संशोधनद्वारा थप

(७) दफा ९ङ को उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि एउटै संस्थाले एकै तहको एकभन्दा वढी कार्यक्रम सञ्चालन गर्न चाहेमा प्रति थप कार्यक्रम वापत सो खण्डमा उल्लेखित रकमको आधा रकम धरौटी राख्नु पर्ने छ ।

(८) यो निर्देशिका प्रारम्भ हुनु भन्दा अगाडी कार्यक्रम सञ्चालन गर्न स्वीकृति पाइसकेको संस्थाले यो निर्देशिका प्रारम्भ भएको मितिले एक वर्ष भित्र दफा (७) बमोमिज नपुग हुने धरौटी रकम स्वीकृत प्राप्त "क" वर्गको वाणिज्य बैंकको मुद्धती खातामा संस्थाकै नाममा मन्त्रालयको स्वीकृति विना झिक्न, ऋण लिन र धरौटी राख्न नपाउने गरी थप गरी सोको लिखित जानकारी मन्त्रालयलाई गराउनु पर्ने छ । यसरी धरौटी रकम जम्मा नगर्ने संस्थाको कार्यक्रम जुनसुकै बखत मन्त्रालयले बन्द गर्न सक्नेछ ।

## परिच्छेद– ७

## विविध

१०. (१)यस निर्देशिका अनुरुप अनुमति पाई सञ्चालन भएका शैक्षिक संस्थालाई नेपाल सरकारले कुनै पनि किसिमको भौतिक तथा आर्थिक सहयोग उपलब्ध गराउन बाध्य हुने छैन ।

* (२) यस अघि नै सञ्चालन अनुमतिका लागि निवेदन दिएका संस्थाहरूको हकमा यो निर्देशिकाको पहिलो संशोधन स्वीकृत भई लागू भएपछि सम्बन्धन प्रदायक विश्वविद्यालय यथावत राखी वा परिवर्तन गर्ने गरी संस्थाहरुले निवेदन पेश गर्न पाउने गरी मन्त्रालयले सो सम्बन्धी सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नेछ । त्यसरी सूचना प्रकाशित भएको मितिले ६० दिनभित्र दफा ३ को उपदफा (५) बमोजिमका कागजात संलग्न गरी मन्त्रालय समक्ष लिखित निवेदन दिनुपर्ने छ । सो अवधिभित्र लिखित निवेदन नदिएमा यस पूर्व दर्ता गरिएको सञ्चालन अनुमति आवेदन स्वतः रद्द हुनेछ ।"

*(३) सम्बन्धन प्रदान गर्ने निकायले सञ्चालन अनुमति प्राप्त गरेका शिक्षण संस्थामा भए गरेको अनुगमनको प्रतिवेदन अनिवार्य रुपमा मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

* (४) सञ्चालन अनुमति प्राप्त शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीहरूको वाह्य परीक्षा सम्बन्धी जानकारी मन्त्रालयलाई गराउनु पर्नेछ । मन्त्रालयले त्यस्तो परीक्षाको अनुगमनका लागि विषय विज्ञ तथा कर्मचारी खटाउन सक्नेछ ।"

ϖ (५) ...........

ϖ (६) ............

ϖ (७) ............

(८) अनुमति प्राप्त शिक्षण संस्थाको विधान/प्रबन्धपत्र/नियमावली संशोधन भए सो को जानकारी मन्त्रालयलाई तुरुन्त दिनु पर्ने छ ।

(९) संझौता बमोजिम आउने बिदेशी शिक्षकहरुको लागि अध्ययन/अध्यापन भिसाको सिफारिस मन्त्रालयले गर्ने छ ।

(१०) अनुमति प्राप्त शिक्षण संस्था र कार्यरत व्यक्तिहरुले प्रचलित कानून अनुसार कर तिर्नुपर्ने छ ।

(११) विदेशी संस्थासंग सम्बन्धन लिई उच्च माध्यमिक तथा सो भन्दा माथिको तहमा "दूर शिक्षा" को अवधारणा अनुरुप सञ्चालन हुने कक्षाहरुमा पनि यही निर्देशिका बमोजिम सञ्चालन गर्नु पर्नेछ ।

(१२)शिक्षण संस्थाको शिक्षक एवं कर्मचारीहरु नियुक्ति गर्दा कर्मचारी एवं शिक्षकहरुको सेवा शर्त सम्बन्धी विषयमा आफैले नियम बनाउन सक्नेछन् । तर विदेशी कर्मचारी एवं शिक्षकको नियुक्ति गर्दा भने मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र गर्नु पर्नेछ ।

(१३)अनुमति प्राप्त शिक्षण संस्थालाई विदेशी विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धन वापत रकम दिनु पर्ने भएमा त्यस्तो विश्वविद्यालय वा शैक्षिक संस्थाको सिफारिसको आधारमा मन्त्रालयले बिदेशी मुद्रा सटही सुविधाको लागि सिफारिश गर्न सक्नेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित



ϖ पहिलो संशोधनद्वारा हटाइएको

Π पहिलो संशोधनद्वारा थप

ꣷ(१४) ..................................

ꣷ(१५) ..................................

ꣷ(१६) .................................

ꣷ(१७) ................................

(१८) समिति र मन्त्रालयले समय समयमा दिएको निर्देशन पालन गर्नु सम्बन्धित शिक्षण संस्थाको कर्तव्य हुनेछ ।

Π **१०क.** **यसै निर्देशिका बमोजिम भए गरेको मानिने:** यस अघि सञ्चालन अनुमति प्रदान गरिएका जुनसुकै तहका कार्यक्रमहरूको सञ्चालन अनुमति यसै निर्देशिका बमोजिम भए गरेको मानिने छ ।

Π **१०ख.** **अनुसूचीमा हेरफेर तथा संशोधन :** मन्त्रालयले समय समयमा यस निर्देशिकाका अनुसूचीहरूको हेरफेर तथा संशोधन गर्न सक्नेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित



ꣷ पहिलो संशोधनद्वारा हटाइएको

Π पहिलो संशोधनद्वारा थप

***अनुसूची: १**

**सञ्चालन अनुमति आवेदन फाराम**

**(दफा ३ को उपदफा(२) संग सम्बन्धित)**

**मितिः**

**श्री शिक्षा मन्त्रालय,**
**सिंहदरबार, काठमाडौं ।**

**विषय :– सञ्चालन अनुमति सम्बन्धमा ।**

हामीले नेपालमा उच्च शिक्षा सञ्चालनका लागि देहायको विदेशी विश्वविद्यालय/शिक्षण संस्थाबाट सम्बन्धन प्राप्त गरेकोले विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ मा उल्लिखित प्रावधान बमोजिमका विवरण खुलाई तोकिए बमोजिमका कागजात तथा निवेदन दस्तुर बुझाएको सक्कलै भौचर यसैसाथ संलग्न गरी शिक्षण संस्था सञ्चालन अनुमति प्राप्तिका लागि यो निवेदन पेश गरेका छौं ।

**सम्बन्धन प्रदान गर्ने विश्वविद्यालय/शिक्षण संस्था सम्बन्धी विवरणः**

(१) विश्वविद्यालयको नामः
(२) ठेगानाः
(३) आधिकारिक सम्पर्क व्यक्तिको नाम, ठेगाना, फोन, इमेलः
(४) सम्बन्धन प्रदान गरेका शैक्षिक कार्यक्रमः....................,......................,..........................,.....................

**निवेदन गर्ने कम्पनी/संस्था सम्बन्धी विवरणः**

(१) कम्पनी/संस्थाको नाम, ठेगानाः (२) कम्पनी/संस्था दर्ता नं.:
(३) कम्पनी/संस्था दर्ता मितिः
(४) कम्पनी/संस्था दर्ता गर्ने निकायको नाम र ठेगानाः
(५) स्थायी लेखा नं.:

**प्रस्तावित शिक्षण संस्था (कलेज) सम्बन्धी विवरणः**

(१) नामः
(२) ठेगानाः
(३) फोन नं.........................इमेल.....................
(४) अनुमति लिन चाहेको शैक्षिक कार्यक्रमः

**प्रस्तावित शिक्षण संस्थाको हालको भौतिक विवरणः**

(१) कम्पनीको स्वामित्वको जग्गाको क्षेत्रफल तथा ठेगाना :
(२) कम्पनीले लिज सम्झौता गरी प्राप्त जग्गाको क्षेत्रफल तथा ठेगाना :
(३) भवन संख्या : (४) कोठा संख्या :
(५) फर्निचरको व्यवस्थाः (६) खेल मैदानको व्यवस्थाः
(७) शौचालयको व्यवस्था : (८) खानेपानीको व्यवस्थाः
(९) पुस्तकालय एवं पुस्तक संख्याः (१०) प्रयोगशालाको व्यवस्थाः
